# महालक्ष्मी विकास बैंक लिमिटेडको सोह्रौ वार्षिक साधारण सभाको निर्णय

१ कम्पनी ऐन २०६३ र बैंकको नियमावली बमोजिम यस महालक्ष्मी विकास बैंक लिमिटेडको सोह्रौ बार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री राजेश उपाध्यायज्युको अध्यक्षतामा २०७५ साल वैशाख २१ गते शुक्रबार (तदअनुसार मे ४, २०१८) अल ईन वन मार्ट, काउन बेङक्वेट, मिनभवन, काडमाण्डौंमा बिहान १०:०० बजे शुरु भई दिनको १२:१५ बजे सुसम्पन्न भयो । सोह्रौ बार्षिक साधारण सभामा भएका छलफल तथा निर्णयहरु देहाय बमोजिम छन ।

## २. उपस्थिति

### (क) सञ्चालकहरुको उपस्थिति

| | |
|---|---|
| श्री राजेश उपाध्याय | अध्यक्ष |
| श्री अरुण राज सुमार्गी | सञ्चालक |
| श्री संजय गिरी | सञ्चालक |
| श्री राजेश कुमार रौनीयार | सञ्चालक |
| श्री रुपेन्द्र पौडेल | सञ्चालक |

### (ख) अन्य पदाधिकारी, नियमन निकायका प्रतिनिधिको उपस्थिति

| | |
|---|---|
| श्री कृष्णराज लामिछाने | प्रमुख कार्यकारी अधिकृत |
| श्री राजेन्द्र थापा | प्रतिनिधि–कम्पनि रजिष्ट्रारको कार्यालय |
| श्री बद्रीराज खड्का | संस्थागत शेयरधनि प्रतिनिधि–कर्मचारी संचय कोष |

### (ग) सेयरधनीहरुको उपस्थिति

| | |
|---|---|
| १. उपस्थिति शेयरधनीहरुको संख्या | : ५७९ जना |
| (क) सेयरधनी स्वंमबाट | : २२७ जना |
| (ख) प्रतिनिधि (प्रोक्सी) बाट | : ३५२ जना |
| २. सेयरधनिहरुको उपस्थिति प्रतिशत | : १.००५ प्रतिशत |
| ३. सेयरको प्रतिनिधित्व संख्या | : १,५०,९६३९२ कित्ता |
| ४. सेयर संख्याको प्रतिनिधित्व प्रतिशत | : ५७.३१ प्रतिशत अर्थात ५७९ जना |

(घ) यस सभाको मिति २०७५।१।६ सम्ममा शेयर कारोबार भई सहभागी हुन पाउने शेयरधनीहरु संस्थापक तथा सर्वसाधारणको कुल संख्या ५७,६११ मध्ये सेयरधनीहरु स्वंम २२७ तथा ३५२ प्रतिनिधि (प्रोक्सी) मार्फत उपस्थिति रहेको थियो ।

## ३ साधारण सभाको छलफलको विषयहरु

### (क) सामान्य प्रस्तावहरु

(१) अध्यक्षज्यूको मन्तब्य सहित सोह्रौ वार्षिक साधारण सभा (आ.व.२०७३/०७४) को प्रयोजनका लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७४ साल आषाढ मसान्तको वासलात, तथा आ.ब. २०७३/०७४ को नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण सहितका अनुसूचीहरु पारित गर्ने ।

(३) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०७३/०७४ को मुनाफाबाट सेयरधनीहरु लाई चुक्ता पुँजीको ९ प्रतिशतका दरले हुने रु.२३,७०,४१,७७०/–(अक्षरेपी तेइस करोड सत्तरी लाख एकचालीस हजार सात सय सत्तरी) नगद लाभांश पारित गर्ने ।

(४) कम्पनी ऐन २०६३को दफा १११ बमोजिम आर्थिक वर्ष २०७४/०७५ को लागि लेखापरीक्षण समितिको सिफारिसमा लेखापरीक्षकको नियुक्ति गर्ने र पारिश्रमिक निर्धारण गर्ने । (बहालवाला लेखापरीक्षक श्री एस.आर.पाण्डे एण्ड कम्पनी पुन नियुक्ति हुन सक्नुहुनेछ)

(५) सञ्चालक समितिको बैठक भत्ता तथा सुबिधा वृद्धि गर्ने ।

(६) कम्पनीको नियमावली अनुसार संस्थापक सेयरधनी समुह (क) को तर्फबाट ३ र सर्वसाधारण शेयरधनी समुह (ख) को तर्फबाट ३ जना सञ्चालकको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्ताव**

(१) यस महालक्ष्मी विकास बैंङ्क लिमिटेड र अन्य कुनै उपयुक्त बैंङ्क तथा वित्तीय संस्था एक आपसमा प्राप्ती/गाभ्ने वा गाभिने (Acquisition/Merger) प्रयोजनका लागि उपयुक्त बैंङ्क वित्तीय संस्था पहिचान गर्ने, सहमतिपत्र (Memorandum of Understanding) हस्ताक्षर गर्ने,सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निबेदन दिने, बैंङ्कको चलअचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्त्ता, लेखापरीक्षक नियुक्त गर्ने, र निजको पारिश्रमिक निर्धारण गर्ने, तथा Acquisition/Merger संग सम्बन्धी अन्य आवश्यक कार्यहरु गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गर्ने ।

(२) प्रबन्धपत्रको दफा ५ (घ) शेयर स्वामित्व प्रतिशत, र नियमावलीको नियम ८ (३) अध्यक्ष तथा सञ्चालकको कार्यकाल, नियम २९ (ख) अध्यक्ष तथा सञ्चालकको बैठक भत्ता तथा सुबिधा बृद्धि गर्ने सम्बन्धमा प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने प्रस्ताव पारित गर्ने ।

(३) प्रबन्धपत्र तथा नियमावली संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट संशोधन, परिवर्तन वा थप/घट गर्न सुझाव वा निर्देशन भएमा सो अनुसार आवश्यक संशोधन, परिवर्तन वा थप/घट गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

(४) विविध :

४. **सुचना प्रकाशन**

यस बैंकको संचालक समितिको मिति मिति २०७४/१२/१५ (तदअनुसार २९ मार्च, २०१८) गते बसेको सञ्चालक समितिको ३८८ औ बैठकको निर्णय तथा कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम कम्पनीको प्रतिबेदन सहितको वार्षिक साधारण सभाको सुचना सेयरधनी महानुभावहरुले उपलब्ध गराएको ठेगानामा पठाई सो बमोजिमको जानकारीका लागी बैंकको वेभसाईड www.mahalxmibank.com मा र मिति २०७४/१२/२८ गतेको अन्नपुर्ण राष्ट्रिय दैनिक तथा पुन : मिति २०७५/१/६ गतेको आर्थीक अभियान राष्ट्रिय दैनिक पत्रीकामा विषयसुची सहितको सूचना प्रकाशित भएको थियो ।

५ गणपुरक संख्या

| बिबरण | कुल संख्या | स्वंम उपस्थिति | प्रतिनिधि | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| सेयरधनि संख्या | ५७,६११ | २२७ | ३५२ | ५७९ | १.००५ |
| कम्पनीको सेयर संख्या | २,६३,३७९७४.३४ | ३२,७६३६४ | १,१८,२०,०२८ | १,५०,९६३९२ | ५७.३१ |

६. **सभाको बैधानिकता तथा सभापतित्व :-**

कम्पनी ऐन २०६३ को दफा ७३ (२) कम्पनीको नियमावलीको नियम (५) बमोजिम कूल सेयर संख्याको ५० प्रतिशत भन्दा बढि सेयरवालाको प्रतिनिधित्व भै ३ जना सेयरवालाहरु स्वयं वा आफनो प्रतिनिधिद्धारा उपस्थित भएमा गणपुरक संख्या पुग्ने प्रावधान रहे अनुरुप सेयरधनीहरुको उपस्थिति र गणपुरक संख्या उपरोक्त ऐन र कम्पनीको नियमावलीमा उल्लेख भए बमोजिम पुगेको ब्यहोरा कम्पनी सचिवले सभालाई अवगत गराउनु भयो । साथै सञ्चालक समितिका अध्यक्ष श्री राजेश उपाध्यायले सभाको अध्यक्षता ग्रहण गरी कानूनत : आवश्यक प्रकृया पुरा भएकाले छलफलका बिषयसुचि अनुसार सभा सञ्चालन गर्न अनुरोध गर्नु भयो ।

**स्वागत मन्तब्य**

साधारण सभामा कम्पनीको तर्फबाट स्वागत मन्तब्य गर्दै प्रमुख कार्यकारी अधिकृत श्री कृष्णराज लामिछानेले १० महिना पहिल्यै साविकको महालक्ष्मी विकास बैंक लि. र साविकको यती डेभलपमेण्ट बैंक लि मर्ज भई महालक्ष्मी विकास बैंक लि. भएको हो । मर्जरका कारण ४ वटा ब्यालेन्ससिट बनाउन केहि ढिला भएकाले समयमा साधारण सभा गर्न नसकिएको हो । आगामी साधारण सभा समयमै गरीने ब्यहोरा आदरणीय सेयरधनी महानुभावहरुलाई जानकारी गराउन चाहान्छौ । नेपालका विकास बैंकहरु मध्ये पुँजी, निक्षेप, शाखा संख्या आदिका आधारमा महालक्ष्मी विकास बैंक ठुलो विकास बैंक बन्न सफल भएको र समग्र आर्थिक परिसुचकका आधारमा यस विकास बैंक अग्रणी विकास बैंकको रुपमा रहन पुगेको छ । वार्षिक प्रतिवेदनमा धेरै भन्दा धेरै सुचनाहरु दिने प्रयास गरीएको छ । आगामी वार्षिक प्रतिवेदन अफै राम्रो बनाउने कोसिस रहनेछ भन्ने भनाई राख्दै सम्पुर्ण सेयरधनी महानुभावहरुलाइ हार्दिक स्वागत गर्नु भयो ।

७. **सभा सञ्चालन तथा प्रतिबेदन प्रस्तुति**

आज बसेको कम्पनीको सोह्रौ बाषिक साधारण सभाको अध्यक्षता गर्नु हुने कम्पनीका अध्यक्ष श्री राजेश उपाध्यायज्यूले सभामा उपस्थित सबै महानुभावहरुलाई स्वागत गर्दै आफ्नो मन्तब्य सहित आ.व. २०७३/०७४ को संचालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको २०७४ साल आषाढ मसान्तको वासलात, तथा आ.ब. २०७३/०७४ को नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण सहितका अनुसूचीहरु, सञ्चालक समितिको बैठक भत्ता तथा सुबिधा वृद्धि, आर्थिक वर्ष २०७४/०७५ को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण, आ.व.२०७३/०७४ को मुनाफाबाट सेयरधनीहरुलाई चुक्ता पुँजीको ९ प्रतिशत नगद लाभांश, र बिशेष प्रस्तावमा Acquisition/Merger, प्रबन्धपत्रको दफा ५ (घ) नियमावलीको नियम ८ (३) नियम २९(ख) संशोधन प्रस्ताव लगायतका प्रस्ताव छलफलका लागी सभामा पेश भई सो उपर छलफलमा भाग लिन तथा यस कम्पनीको कारोबार सम्बन्धी बिबिध पक्षहरुमा आफ्नो विचार मन्तब्य तथा जिज्ञासाहरु ब्यक्त गर्नका लागी सेयरधनीहरुलाई सामुहिक अनुरोध गर्नुभयो ।

**अध्यक्षज्युको मन्तब्य र वार्षिक प्रतिवेदनको मुख्य बुदा निम्न बमोजिम रहेकोछ**

समीक्षा वर्ष यस संस्थाको लागी उल्लेखनीय रह्यो । दुई राष्ट्रिय स्तरका विकास बैंकहरु यती डेभलपमेन्ट बैंक लि. र महालक्ष्मी विकास बैंक लि. एक आपसमा गाभिए पश्चात पूंजी, निक्षेप र कर्जा प्रवाहका हिसाबले नेपालकै ठुलो विकास बैंकको रुपमा २०७४ आषाढ १८ गते देखी महालक्ष्मी विकास बैंक लि. को नामबाट आर्थिक कारोबार सुचारु गरेका छौं । विकास बैंकहरु विच भएको यो ऐतिहासिक मर्जरबाट बैंकको पूंजीगत आधार बलियो हुनुको साथै शाखा सन्जालमा वृद्धि भई व्यवसाय विस्तार गर्ने दायरा फराकिलो भएको छ ।

नेपाल राष्ट्र बैंकको पूंजी वृद्धि गर्ने निर्देशन अनुरुप दुई संस्था मर्ज भए पश्चात बैंकको पूंजी रु. २ अरब ६३ करोड पुगेको छ । हालसम्म कुल ७१ शाखा संचालनमा छन् । आगामी वर्षमा थप शाखा कार्यालयहरु खोली बैंकको शाखा संख्या ८५ पुऱ्याउन आवश्यक गृहकार्य भईरहेको छ ।

आ.व. २०७३/७४ मा विप्रेषण आप्रवाहको वृद्धिदरमा कमी हुनु , विकास खर्चमा वृद्धि हुन नसक्नु , आयातमा उल्लेखनीय वृद्धि हुनु, कुल ग्राहस्थ उत्पादनको वृद्धिदर न्यून हुनु जस्ता कारणहरुले मुलुकको समग्र आर्थिक गतिविधिमा सकारात्मक प्रभाव परेको नदेखिएको हुंदा देशको अर्थतन्त्रले अपेक्षित लक्ष्य हासिल गर्न सकिरहेको छैन । बैंकिङ्ग क्षेत्रमा समय समयमा हुने तरलताको उतार चढावको अवस्थाले निक्षेप तथा कर्जाको व्याजदर व्यवस्थापनमा चुनौती थपिएको छ ।

महालक्ष्मी विकास बैंक बैंकिङ्ग क्षेत्रमा एउटा अग्रणी विकास बैंकको रुपमा रही यहांहरुलाई उचित प्रतिफल दिन सदा प्रयत्नरत रहनेछ । विश्वासीलो बैंकको रुपमा ग्राहकवर्गहरुलाई गुणस्तरीय सेवा प्रदान गर्न आधुनिक प्रविधिमा विशेष जोड दिईनेछ । ग्राहकवर्गलाई प्रदान गरिने सेवाहरु, सम्पत्तीको गुणस्तर, जोखिम व्यवस्थापन तथा कर्मचारी व्यवस्थापनमा निरन्तर ध्यान दिईनेछ ।

यस गरीमामय सभा समक्ष आ.व. २०७३/०७४ को नाफा नोक्सान हिसाव, नाफा नोक्सान वांडफांड हिसाव, नगद प्रवाह विवरण, इक्यूटिमा आएको परीवर्तन तथा अनुसुचिहरु सहितका विवरण सहित बैंक सञ्चालनमा देखिएका चुनौतिहरु, समग्र बैंकिङ्ग कारोबारको समिक्षा र पुनरावलोकन गर्न कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ तथा नेपाल राष्ट्र बैंकबाट समय समयमा जारी निर्देशनहरुको अधिनमा रही तयार गरिएको बैंकको आ.व.२०७३/०७४ को विस्तृत प्रतिवेदन सञ्चालक समितिको तर्फवाट बैंकको सोह्रौ वार्षिक साधारण सभामा पेश गर्ने अनुमति चाहन्छौं ।

बैंकको कुल निक्षेप आ.व.२०७२/०७३ मा रू १० अर्ब ८६ करोड रहेकोमा प्रस्तुत आ.व.२०७३/०७४ मा मर्जरबाट प्राप्त सहित १३१.४३ प्रतिशतले बृद्धि भई रू २५ अर्ब १३ करोड पुगेको छ ।

त्यस्तै यस आ.व.२०७३/०७४ को अन्तसम्ममा यस बैंकको कुल कर्जा लगानी मर्जरबाट प्राप्त सहित रू.२० अर्ब ७२ करोड पुगेको छ । गत आर्थिक वर्षको तुलनामा मर्जरबाट प्राप्त सहित १३६.३२ प्रतिशत कर्जा तथा सापटी वृद्धि भएको छ । बैंकले कर्जा लगानी गर्दा कर्जाको गुणस्तर तथा कर्जा लगानीमा विविधीकरणलाई मुख्य प्राथमिकता दिएको छ । बैंकले उद्योग, कृषि, पर्यटन, साना तथा मझौला उद्योग व्यवसाय, व्यापार, तथा रिटेल कर्जा लगायतका क्षेत्रहरूमा लगानी गर्दै आइरहेको छ । आ.व.२०७३/०७४ मा बैंकले साबिकमा रहेको निष्क्रिय कर्जा ४.१० प्रतिशतबाट ३.९१ प्रतिशतमा झार्न सफल भएको छ ।

बैंकले २०७२/०७३ मा रु. ४ करोड ७४ लाख मात्र सञ्चालन मुनाफा आर्जन गरेकोमा आ.व. २०७३/०७४ मा रु. १२ करोड ८७ लाख सञ्चालन मुनाफा आर्जन गरेको छ । बैंकले २०७२/०७३ मा सम्पूर्ण कारोबार समावेश पछिको खुद मुनाफा रु.४८ करोड ६२ लाख आर्जन गरेकोमा आ.व. २०७३/०७४ मा रु.७२ करोड ९७ लाख आर्जन गरेको छ । गत वर्षको तुलनामा सञ्चालन मुनाफाको वृद्धिदर १७१.८३ प्रतिशत, सम्पूर्ण कारोबार समावेश पछिको खुद मुनाफामा वृद्धिदर ५०.०९ प्रतिशत रहेको छ । बैंकको खुद नाफा/नोक्सान आ.व.२०७३/०७४ मा रु ४४ करोड ४२ लाख रहेको छ जुन गत वर्षको तुलनामा ३३.०९ प्रतिशतले वृद्धि भएको छ ।

बैंकले २०७२/०७३ मा रु. २ करोड १० लाख मात्र गैर सञ्चालन आम्दानी गरेकोमा आ.व. २०७३/०७४ मा रु. ४ करोड ५० लाख गैर सञ्चालन आम्दानी आर्जन गरेको छ । सो वृद्धिदर गत वर्षको तुलनामा ११३.८६ प्रतिशत रहेको छ । यस बैंकलाई स्पष्ट दिशा निर्देशन गर्ने तथा विकाश बैंकहरु मध्येबाट अग्रणी सफल विकास पुऱ्याउने लक्ष्यका साथ कार्य गरीरहेका छौ ।

सञ्चालक समितिले बैंकका सेयरधनिहरुको निरन्तर सदभाव सहयोग पाईरहेको र आगामी दिनमा पनि सहयोग सदभाव पाईरहने अपेक्षा गर्दै आगामी बर्ष बैंकका सेयरधनिले शेयरको उचित प्रतिफल प्राप्त गरुन भन्ने उदेश्यले कार्य गरीरहेका छौ ।

## ८. छलफलमा सहभागी हुने सेयरधनी महानुभावहरु

यस कम्पनीको काम कारबाहि, बार्षिक हरहिसाब, तथा बार्षिक प्रतिबेदनमा रहेका बिभिन्न बिषयहरुको बिषयमा सेयरधनीहरु श्री उद्धब प्रसाद धिमिरे, श्री अमृत नाथ रेग्मी, श्री चन्द्र नारायण श्रेष्ठ, श्री ब्यास कुमार शर्मा, श्री डमरुबल्लभ घिमिरे, श्री नरसिंह लाल चंखु, श्री शिब प्रसाद पौडेल, श्री कृष्ण प्रसाद अधिकारी, श्री शिब प्रसाद शर्मा, श्री ईन्द्रकृण्ण श्रेष्ठ, श्री लवराज जोशी, श्री सुरजमान कार्कीले सभामा ब्यक्त राय, सल्लाह, सुझाव समष्टिगत रुपमा निम्न बमोजिम रहेको छ ।

ब्यालेन्ससिट राम्रो देखिएको छ । नेपाल Federal State भैसकेकाले सो बमोजिम बैंकको कार्यक्षेत्र विस्तार गर्दै जानु पर्‍यो । समग्रमा विगतको बर्षको तुलनामा बैंकको बित्तीय अवस्थामा राम्रो सुधार आएको छ । NPA अलिकती बढन गएको छ घटाउदै जानु पर्‍यो ेन्द्रीय बैंकले स्प्रेड दर ५ प्रतिशत सम्म कायम गर्न दिएको निर्देशन बमोजिम प्रतिवेदनमा प्रतिवद्धता आउनु पर्दथ्यो, आगामी दिनमा ध्यान जावोस । अन्तराष्ट्रिय संस्था संग करार गरी Line of Credit Nogotation गर्दा बैंकलाई राम्रो हुने थियो, त्यस तर्फ ध्यान जावोस । प्रत्येक १० देखि १५ वर्षका लागी डिबेन्चर निकाल्दा Long Term को लागी फाईनान्सीङ्गमा सजिलो हुने थियो । Term Loan कम देखिएकाले बढाउनका लागी फोकस गर्नु पर्‍यो । General Reserve कम भयो कसरी बढाउने हो Expert हरु राखेर सेमिनार गर्दा राम्रो हुने थियो । Organisation Structure बदलेर Regional Concept मा जानु आवश्यक देखिएको, Acounting System राम्रो हुनुपर्‍यो ।

चुक्ता पुँजिको अनुपातमा Assets को साईज बढेकोले राम्रो छ । नाफाको अनुपातमा खर्च बढि देखिएको छ त्यस तर्फ सजग हुन अनुरोध छ । निक्षेप, लगानी बृद्धि गरी ब्याबसाय बढाउनु पर्‍यो । समकक्षी बैंक कसरी अगाढि बढिरहेका छन उनिहरु संग कसरी प्रतिस्पर्धा गर्ने कार्ययोजना बनाएर अगाढि बढनु पर्‍यो ।

प्रतिबेदन ऐना जस्तो छ प्रस्टाउनु जरुरी छैन । फाईनान्सीयल फिगर Facts हुनु पर्‍यो । चुक्ता पुँजि बृद्धि भई ने.रा.बैंकको निर्देशन बमोजिम पुँजि पुर्‍याउन सफल भएकोमा बधाई ज्ञापन गर्दछु । General Reserve बढाउनु पर्‍यो । बैंकको आम्दानी जस्तै ब्याज, कमीसन आम्दानी बढाउन जोड गर्नु पर्‍यो । आम्दानी र खर्चको सन्तुलन कायम गर्नु पर्‍यो । प्रोभिजन र राईट ब्याक भएका लोनहरु उठाई खुद नाफा गर्नु पर्‍यो । Financial Indicator सकारात्क दिशामा अगाढि बढिरहेको छ । NPL झार्न सफल हुनुभएको छ । Investment Portfolio राम्रो देखिएकाले बैंक सहि दिसामा अगाडि बढिरहेको छ । कर्मचारीहरुको सेवा सुबिधा समय सापेक्ष बृद्धि गर्दै जानु पर्‍यो । उत्कृष्ट बैंक बन्नका लागी कम्पलायन्सलाई बढि मजबुद बनाउने र अडिट NFRS को मापदण्ड बमोजिम कायम गर्नु पर्‍यो । संस्थागत सुसासन तर्फ बिशेष ध्यान दिनु पर्‍यो । NPL र NBA मा अझै सुधार गर्नु पर्‍यो । प्रतिबेदनमा Base Rate उल्लेख भएको देखिएन आगामी दिनमा ध्यान दिनु पर्‍यो । खुद नाफामा सुधार गर्नु पर्‍यो । Assets Quality मा जोड दिनु पर्‍यो । Investment management मा जोड दिनु पर्‍यो । आम्दानी शिर्षकहरु Positive बनाउनु पर्‍यो । बैंकको समग्र पक्षको बिश्लेषण गर्दा बैंक प्रगति तर्फ अगाडि बढेको देखिन्छ ।

लामो समय पश्चात ९ प्रतिशत नगद लाभांस बितरण गर्नु भएकोमा धन्यबाद आगामी दिनमा नाफा बाडफाड गर्दा नगद र बोनस शेयर ५०।५० प्रतिशतका दरले बाडियोस । आगामी दिनमा नगद लाभांसको बदलामा सेयरधनीलाई बोनस सेयर दिनु अनुरोध छ । आगामी बर्षमा डबल डिजिटमा लाभांश बितरण गर्न सफल हुनुहोस ।: नगद लाभांस चाडै बितरण गर्नु पर्‍यो ।

लेखापरीक्षकको फि बढि देखिएकोले प्रष्ट पारीदिनु पर्‍यो । लेखापरीक्षकको फि तोकेपछि अन्य शिर्षकमा खर्च दिनु त्यति राम्रो देखिदैन । आधारभुत सेयरधनीको लिष्टमा संस्थापक र सर्बसाधारणको नाम छुट्टयानु पर्‍यो । सामाजिक उत्तरदायित्य अन्तर्गत खर्च कति भयो प्रतिबेदनमा उल्लेख नभएकाले आगामी दिनमा ध्यान दिनु पर्‍यो । HR Motivation मा जोड दिनु पर्‍यो । संस्थागत सुशासनमा ध्यान दिनु पर्‍यो । ज्ञानेश्वरमा रहेको बैंकको जग्गामा भवन बनाउनु पर्‍यो । केन्द्रबाट शाखाहरुको निगरानि नियमित रुपमा गर्नु जरुरी छ नत्र भोलिका दिनमा समस्या आउन सक्छ । Right man in the Right Place को ब्यवस्था हुनु पर्‍यो । प्रतिबेदनमा अध्यक्षको साथै १ जना सञ्चालकको दस्तखत र मिति हुनु पर्‍यो । वार्षिक प्रतिवेदनमा बैंकको सम्रग अवस्था तथा गतिबिधिलाई बढि फोकस गरी तयार गरीएकाले वार्षिक प्रतिवेदन पुस्तीका राम्रो देखिएको छ । शाखा बिस्तार पश्चिममा बढि देखिएकाले पुर्ब तिर शाखा बिस्तारमा जोड दिनु पर्‍यो । बैंकले केन्द्रीय कार्यालयका लागी जग्गा खरीद गरी भवन बनाउनु पर्‍यो । Prospective Information सेयरधनिहरुलाई दिदै जानु पर्ने । Good Governance मा बिशेष ध्यान दिनु पर्‍यो ।

बैंकले कार्यकारी प्रमुख राम्रो पाएको छ । समयमै साधारण सभा गर्नु पर्‍यो । बैंकका आर्थिक पक्षहरु सुधारोन्मुख देखिएको छ । आन्तरीक नियन्त्रण प्रणाली राम्रो हुनु पर्‍यो । लगानीका क्षेत्र र नया कार्य योजना तर्फ बिशेष ध्यान दिने, । बैंकका आर्थिक पक्षहरु राम्रो देखिएको छ । कर्मचारीहरुको तलब भत्ता सेवा सुबिधामा पुनरावलोकन होस । निर्णय गरेपछि निर्णय कार्यन्वन गर्नु पर्‍यो । निक्षेप, लगानीको अवस्था राम्रो छ । बार्षिक प्रतिवेदन पाउन केहि ढिला भयो । शाखाहरुको हिसाबले ग्राहक संख्या कम भएको देखियो त्यस तर्फ ध्यान जावोस । खाता खोल्नलाई बिभिन्न प्रोत्साहनको योजना ल्याउनु पर्‍यो ।

यस सम्बन्धमा सेयरधनीहरुले आ–आफ्नो सल्लाह सुझाव राख्ने कार्य समाप्त भएपछि अध्यक्षज्युले सेयरधनीहरुबाट प्राप्त अमुल्य सल्लाह सुझाव प्रति धन्यवाद दिनु भयो । बैंकको कार्य प्रणालीलाई चुस्त दुरुस्त पार्दै अगाडि बढनेछौ । बैंकको आफनो भवन होस भन्ने हेतुले उपयुक्त स्थानको खोजि गरी उपयुक्त समयमा निर्माण गर्ने हाम्रो भावी योजना रहेको छ । चार बर्षको दौरानमा हामीले ठुलो मर्जरको कार्य सम्पन्न गऱ्यौ । तर मर्जर पश्चात कार्यकारी प्रमुख, सञ्चालक, बैंकको नाम, परिवर्तनमा बढि फोकस भयौ । मर्जरको प्रस्ताव राख्नुको कारण कुनै राम्रो अवसर आयो भने अगाडी बढनका लागी हो । मर्जरलाई बाध्यात्मक रुपमा लिएका छैनौ र तत्कालै मर्जरमा जाने सोच बनाएका पनि छैनौ ।

मर्जर पश्चात पश्चिम तर्फ हाम्रो उपस्थिति बढि देखिए पनि पुर्ब तर्फ शाखा बिस्तार गर्न लागी रहेका छौ । आगामी १ बर्ष भित्र करीब ९५ शाखा संख्या पुऱ्याउने छौ । जस मध्ये करीव ७ शाखा उपत्यका भित्र खोलिनेछ । आगामी बर्ष सेयरधनीहरुलाई २ डिजिटको प्रतिफल दिन प्रयासरत छौ । शाखा संख्याको आधारमा ग्राहक संख्या कम भएको तर्फ बिशेष ध्यान दिनेछौ । साधारण सभा समयमै सम्पन्न गर्न नसकको प्रति क्षमायाचना गर्दै आगामी बार्षिक साधारण सभा समयमै संम्पन्न गरीने भएकाले २०७५ सालमा २ वटा साधारण सभा सम्पन्न गर्न गैरहेका छौ ।

NFRS का लागी गृहकार्य अगाडि बढाईसकेका छौ । नगद लाभांस केहि दिन भित्रै बाडने गरी गृहकार्य भैसकेको छ । कार्यकारी नियुक्ती तथा लेखापरिक्षकको नियुक्ती नियम संगतका आधारमा सहमतिले गरीएकाले प्रकृयागत त्रुटी छैन । साधारण सभामा उपस्थिति भै आफनो अमुल्य समय दिई कम्पनीलाई सल्लाह, सुझाव दिएकोमा धन्यवाद दिन चाहान्छौ । सल्लाह सुझावलाई आत्मसाथ गरी अगाडि बढनेछौ । अन्तमा उपस्थित सेयरधनी महानुभाव, सञ्चालक कर्मचारी वर्ग, सबैलाई धन्यबाद दिदै सभामा पेश भएका प्रस्ताब पारीत गर्न अनुरोध गर्दछु ।

## ९. छलफल तथा निर्णयहरु

### (क) सामान्य प्रस्ताब

(१) अध्यक्षज्यूको मन्तब्य सहित सोह्रौ वार्षिक साधारण सभा (आ.व.२०७३/०७४) को प्रयोजनका लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा अध्यक्षज्युले निर्णायार्थ सभामा पेश गर्नु भएकोमा उक्त प्रस्ताव सर्वसम्मतिले पारीत गर्ने निर्णय गरीयो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७४ साल आषाढ मसान्तको वासलात,तथा आ.ब.२०७३/०७४ को नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण सहितका अनुसूचीहरु पारित गर्ने सम्बन्धमा पेश भएको प्रस्ताब छलफल पश्चात सेयरधनीहरुबाट सर्वसम्मतिले पारीत गर्ने निर्णय गरीयो ।

(३) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०७३/०७४ को मुनाफाबाट सेयरधनीहरुलाई चुक्ता पुँजीको ९ प्रतिशतका दरले हुने रु.२३,७०,४१,७७०/–(अक्षरेपी तेइस करोड सत्तरी लाख एकचालीस हजार सात सय सत्तरी) नगद लाभांश पारित गर्ने सम्बन्धमा पेश भएको प्रस्ताब सेयरधनिहरुबाट सर्वसम्मतिले पारीत गर्ने निर्णय गरीयो ।

(४) कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०७४/०७५ को लागि लेखापरीक्षण समितिको सिफारिसमा लेखापरीक्षकको नियुक्ति गर्ने र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा छलफल हुदा लेखापरीक्षण समितिबाट सिफारीस भए बमोजिम आ.व २०७४/०७५ का लागी लेखापरीक्षकमा श्री S.R.Pandey & Company लाई नियुक्ति गर्ने र पारीश्रमिक बापत रु ७,५०,०००।– (कर बाहेक) भुक्तानी दिने सिफारीसको प्रस्तावलाई सर्वसम्मतिले पारीत गर्ने निर्णय गरीयो ।

(५) सञ्चालक समितिको बैठक भत्ता तथा सुबिधा वृद्धि गर्ने सम्बन्धमा पेश भएको प्रस्ताव उपर छलफल हुदा निम्न बमोजिमको भत्ता सुविधालाई सर्बसम्मतिले पारीत गर्ने निर्णय गरीयो ।

**बैठक भत्ता**

अध्यक्ष रु १०,०००।– (दस हजार) प्रति वैठक भत्ता (कर सहित)

सञ्चालक रु ८,०००।– (आठ हजार) प्रति वैठक भत्ता (कर सहित)

**सुविधा**

अध्यक्ष तथा सञ्चालकलाई पत्रपत्रिका, तथा मोबाईल खर्च बापत प्रति महिना रु ५,०००।– (पाँच हजार)

(६) कम्पनीको नियमावली अनुसार संस्थापक सेयरधनी समुह (क) को तर्फबाट ३ र सर्वसाधारण शेयरधनी समुह (ख) को तर्फबाट ३ जना सञ्चालकको निर्वाचन गर्ने सम्बन्धमा छलफल हुदा सञ्चालकको निर्बाचन प्रयोजनका लागी सञ्चालक समितिको मिति २०७४/१२/१५ बैठक नं ३८८ ले अधिवक्ता श्री लिलामणी पौडेललाई निर्बाचन अधिकृत नियुक्ति गरीएकोमा निर्बाचन अधिकृत (निर्बाचन कार्यालय) बाट प्राप्त परिणाम बमोजिम बैंकको नियमावलीको नियम ८ (३) कम्पनि ऐन २०६३ को ९० (२) तथा बैंक तथा बित्तीय संस्था सम्बन्धि ऐन २०७३ को दफा १५ (१) अनुसार संस्थापक सेयरधनी समुह (क) को तर्फबाट ३ र सर्वसाधारण शेयरधनी समुह (ख) को तर्फबाट ३ गरी जम्मा ६ जना बढिमा ४ बर्षका लागी सञ्चालक पदमा निर्बिरोध निर्बाचन भएको घोषणा साधारण सभामा निर्बाचन अधिकृतले गर्नुभएकोमा सभाले सर्बसम्मतबाट स्वीकृति प्रदान गर्‍यो ।

**सञ्चालक पदमा निर्बिरोध निर्बाचित भएका ब्यक्तिहरुको नामावली**

| क.सं | नाम, थर | ठेगाना | प्रतिनिधित्व गर्ने समुह |
|---|---|---|---|
| १ | श्री राजेश उपाध्याय | का.म.पा.४, काठमाडौं | समूह (क) |
| २ | श्री संजय गिरी | बिरगञ्ज, १२, पर्सा | समूह (क) |
| ३ | श्री राजेश कुमार रौनियार | धोबीधारा, काठमाडौं | समूह (क) |
| ४ | श्री श्याम सुन्दर रुङ्गटा | बिरगञ्ज ६, पर्सा | समूह (ख) |
| ५ | श्री रुपेन्द्र पौडेल | किर्तिपुर १, काठमाडौं | समूह (ख) |
| ६ | श्री राहुल अग्रवाल | सिद्धार्थनगर ४, रुपन्देहि | समूह (ख) |

(ख) **विशेष प्रस्ताव**

(१) यस महालक्ष्मी विकास बैंङ्क लिमिटेड र अन्य कुनै उपयुक्त बैंङ्क तथा वित्तीय संस्था एक आपसमा प्राप्ती/गाभ्ने वा गाभिने (Acquisition/Merger) प्रयोजनका लागि उपयुक्त बैंङ्क वित्तीय संस्था पहिचान गर्ने, सहमतिपत्र (Memorandum of Understanding) हस्ताक्षर गर्ने,सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निबेदन दिने, बैंङ्कको चलअचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्त्ता, लेखापरीक्षक नियुक्त गर्ने, र निजको पारिश्रमिक निर्धारण गर्ने, तथा Acquisition/Merger संग सम्बन्धी अन्य आवश्यक कार्यहरु गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव सर्वसम्मतिले पारीत गर्ने निर्णय गरीयो ।

(२) प्रबन्धपत्रको दफा ५ (घ) शेयर स्वामित्व प्रतिशत, र नियमावलीको नियम ८ (३) अध्यक्ष तथा सञ्चालकको कार्यकाल, नियम २९ (ख) अध्यक्ष तथा सञ्चालकको बैठक भत्ता- तथा सुबिधा बृद्धि गर्ने सम्बन्धमा प्रबन्धपत्र तथा नियमावलीको आवश्यक दफा, नियमहरु संशोधन गर्न पेश भएको निम्न बमोजिमको प्रस्ताब सर्वसम्मतिले पारीत गरीयो ।

**प्रबन्धपत्रमा भएको संशोधन**

**दफा ५ (घ) विकास बैंकको चुक्ता पूँजीको समूहगत शेयर स्वामित्व देहाय अनुसार हुनेछ :-**

(१) संस्थापक समुहका शेयरधनिहरू लाई समूह "क"मा बर्गीकरण गरीएको छ र यो समूहको शेयर स्वामीत्व ५३.९८ प्रतिशत हुनेछ ।

(२) सर्वसाधारणमा बिक्री गरिने शेयर खरिद गर्ने शेयरधनिहरुलाई समूह "ख" मा बर्गीकरण गरीएको छ । यो समूहको शेयर स्वामित्व ४६.२ प्रतिशत हुनेछ ।

**नियमावलीमा भएको संशोधन**

**नियम ८ (३):** सञ्चालकको कार्यकाल ४ बर्षको हुनेछ । स्वतन्त्र सञ्चालक बाहेक अन्य सञ्चालक हरु पुन : नियुक्ति तथा मनोनित हुन सक्नेछ । तर कार्यकारी अध्यक्ष वा प्रबन्ध सचालक लगातार दुई कार्यकालसम्म मात्र रहन सक्नेछन ।

**नियम २९ (ख):सञ्चालक समितिको पारीश्रमिक,भत्ता र सुबिधा सम्बन्धि ब्यवस्था :-**
समितिको बैठकमा उपस्थित भए,वापत संचालकले पाउने बैठक भत्ता र सुबिधा देहाय बमोजिम हुनेछ ।

**बैठक भत्ता**

अध्यक्ष रु १०,०००।- प्रति बैठक भत्ता (कर सहित)

सञ्चालक रु ८,०००।- प्रति बैठक भत्ता (कर सहित)

**सुबिधा** : अध्यक्ष तथा सञ्चालकलाई पत्रपत्रिका, तथा मोबाईल खर्च बापत प्रति महिना रु ५,०००।- (पाँच हजार) प्रदान गर्ने ।

(३) प्रबन्धपत्र तथा नियमावली संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट संशोधन, परिवर्तन वा थप/घट गर्न सुझाव वा निर्देशन भएमा सो अनुसार आवश्यक संशोधन, परिवर्तन वा थप/घट गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताब सर्वसम्मतबाट पारीत गर्ने निर्णय गरीयो

(४) बिबिध :

छलफल तथा निर्णयको कम समाप्त भएपछि अध्यक्षज्युले उपस्थित सबै शेयरधनी महानूभाबहरुले सभामा सकिय रुपमा संहभागी भई बैंकको काम कारबाहीका सम्बन्धमा बैंकलाई गहकिला सुझाव, सल्लाह दिनू भएकोमा वहाहरु प्रति आभार प्रकट गर्दै सभामा उपस्थित हुनु भएका सञ्चालक, बैंक ब्यवस्थापन, कर्मचारीहरु, आपन्नो अमुल्य समय दिई उपस्थित हुनु हुने सेयरधनी महानुभावहरु लगायत- नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, नेपाल धितोपत्र बोर्ड, सिडिएस एण्ड क्लीयरिङ्ग लि. तथा विभिन्न संघसंस्थाहरू, लेखापरीक्षकलाई हार्दिक धन्यबाद दिनुभयो ।

सोमराज पन्त
कम्पनि सचिव

राजेश उपाध्याय
अध्यक्ष